आज मिति २०७६ साल आषाढ २३ गते सोमवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |

कार्यकारीणी सदस्यहरु

| | | |
|---|---|---|
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| बरिष्ठ आ.ले.प.अ. | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| बरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१.: तिम्ल्याहा बालकहरुको पोषणको लागि सहायतता प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२: आधारभूत स्वास्थ्य केन्द्रका कर्मचारीहरुको नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.३: शवदाह क्षेत्र पार्किङ्ग योजनामा रकम थप गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: उद्योग वाणिज्य संघ दमौली बजार इकाईलाई व्यवसाय करको रकम भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.५: आदिकवि भानुभक्त क्याम्पसमा सोलार प्रविधि जडान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: कक्षा ११ का छात्रछात्राहरुको लागि छात्रबृत्ति सम्बन्धी परीक्षा संचालन सम्बन्धमा ।
प्रस्ताव नं.७: भानु जयन्ती मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.८: जग्गा एकीकरण सम्बन्धी विनियम तयार गर्ने सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० बस्ने गोमा वि.क.ले जन्माएका तिम्ल्याह बालकहरुको पोषणको लागि आवश्यक पर्ने दुधको सहज उपलब्धताको लागि भैंसी खरिद गर्न अनुदान सहायताका लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएअनुसार तिम्ल्याह बालकहरुको लागि आमा गोमा वि.क.लाई एकमुष्ट रू.६०,०००।- (अक्षेरुपी साठी हजार रुपैंया मात्र) अनुदान सहायतता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका विभिन्न ६ वटा वडाहरुमा स्थापना हुने आधारभूत स्वास्थ्य केन्द्रमा यस नगरपालिकाबाट मिति २०७६/०२/१५ गते प्रकाशित सूचना अनुसार दरखास्त पेश गर्ने उम्मेदवारहरु मध्ये पदपूर्ति समितिद्वारा लिईएको लिखित तथा अन्तरवार्ताबाट छनौट भई पदपूर्ति समितिको मिति २०७६/०३/२३ को निर्णयद्वारा नियुक्तिका लागि सिफारिस भई आएका तपसिल बमोजिममा विज्ञापन नं. र पदहरुमा तपसिल बमोजिमका उम्मेदवारहरुलाई देहाय अनुसार पारिश्रमिक दिने गरी नियुक्ति दिने निर्णय गरियो ।

| सि.नं. | विज्ञापन नं. | नाम, थर | पद | पारिश्रमिक |
|---|---|---|---|---|
| १. | १/०७५/०७६ | श्री सुनिल अधिकारी | एच.ए. (सहायक स्तर पाँचौं) | १८०००। |
| २. | १/०७५/०७६ | श्री अनु सापकोटा | एच.ए. (सहायक स्तर पाँचौं) | १८०००। |
| ३. | २/०७५/०७६ | श्री निशा राना | स्टाप नर्स (सहायक स्तर पाँचौं) | १८०००। |
| ४. | २/०७५/०७६ | श्री सरिता न्यौपाने | स्टाप नर्स (सहायक स्तर पाँचौं) | १८०००। |
| ५. | ३/०७५/०७६ | श्री उज्ज्वल न्यौपाने | अ.हे.व. (सहायक स्तर चौथो) | १७०००। |
| ६. | ३/०७५/०७६ | श्री चन्द्रकला पन्थी (ढुंगाना) | अ.हे.व. (सहायक स्तर चौथो) | १७०००। |
| ७. | ३/०७५/०७६ | श्री शैलेष हड्खले | अ.हे.व. (सहायक स्तर चौथो) | १७०००। |
| ८. | ३/०७५/०७६ | श्री सरिता बोटे | अ.हे.व. (सहायक स्तर चौथो) | १७०००। |
| ९. | ४/०७५/०७६ | श्री आरुसी कैनी | अ.न.मी. (सहायक स्तर चौथो) | १७०००। |
| १०. | ४/०७५/०७६ | श्री शान्ति लामिछाने खनाल | अ.न.मी. सहायक स्तर चौथो) | १७०००। |
| ११. | ४/०७५/०७६ | श्री संजिता मिश्र | अ.न.मी. सहायक स्तर चौथो) | १७०००। |
| १२. | ४/०७५/०७६ | श्री सुशिला स्यावा परियार | अ.न.मी. सहायक स्तर चौथो) | १७०००। |
| १३. | ५/०७५/०७६ | श्री दिक्षित न्यौपाने | कार्यालय सहयोगी (श्रेणी बिहिन) | १००००। |
| १४. | ५/०७५/०७६ | श्री देवी श्रेष्ठ | कार्यालय सहयोगी (श्रेणी बिहिन) | १००००। |

| | | | | |
|---|---|---|---|---|
| १५. | ५/०७५/०७६ | श्री दिलु थापा | कार्यालय सहयोगी (श्रेणी बिहिन) | १००००। |
| १६. | ५/०७५/०७६ | श्री पवित्रा थापा | कार्यालय सहयोगी (श्रेणी बिहिन) | १००००। |
| १७. | ५/०७५/०७६ | श्री पार्वती अधिकारी सुवेदी | कार्यालय सहयोगी (श्रेणी बिहिन) | १००००। |
| १८. | ५/०७५/०७६ | श्री मिरा थापा मगर | कार्यालय सहयोगी (श्रेणी बिहिन) | १००००। |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.२ स्थित बुद्धपार्क टोल अन्तर्गत रहेको शवदाहस्थलको पार्किङ्ग क्षेत्र निर्माणको लागि साविकमा विनियोजित रकम नपुग भएको हुँदा अन्तिम मूल्याङ्कन अनुसार रकम थप गरिदिन सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा नपुग हुन आउने रकम मध्ये रू.१,७५,०००।- (अक्षेरुपी एक लाख पचहत्तर हजार रुपैंया मात्र) थप गरी अन्तिम किस्ता भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विगतदेखि कै परम्परा बमोजिम यस न.पा. र त.उ.वा. सँघ बजार इकाईको साझेदारीमा आ.व.२०७४/०७५ मा व्यवसाय कर असुली गरिएको र असुली भएको व्यवसाय कर मध्ये सामान्य चालु खर्च कट्टा गरी बाँकी रहेको रकमको २०% ले हुन आउने रकम रू.१,९४,५२६।- (अक्षेरुपी एक लाख चौरानब्बे हजार पाँच सय छब्बीस रुपैयाँ मात्र) त.उ.वा.संघ दमौली बजार इकाईलाई कार्यक्रमगत खर्चमा भुक्तानी दिने गरी कार्यालयबाट टिप्पणी पेश हुन आएअनुसार उल्लेखित रकम उपलब्ध गराउने साथै व्यवसाय कर असुली कार्यमा खटिएका यस कार्यालयका कर्मचारीहरुलाई समेत विगतमा प्रदान गरिदै आएको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारबाट आर्थिक वर्ष २०७५।०७६ मा सशर्त अनुदान अन्तर्गत सौर्य प्रविधि जडान कार्यक्रमका लागि प्राप्त बजेटबाट खर्च गर्ने गरी व्यास १ विज्ञानचौर स्थित आदिकवि भानुभक्त क्याम्पसलाई सोलार प्यानल जडान गर्ने कार्यका लागि रु.५,००,०००। अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका शिक्षा ऐन, २०७५ ले व्यवस्था गरे बमोजिम एस.इ.इ. उत्तीर्ण भई निजी तथा सामुदायिक विद्यालयहरुमा कक्षा ११ मा अध्ययन गर्ने छात्रछात्राहरुलाई छात्रबृत्ति प्रदान गर्न छनौट प्रकियाको लागि परीक्षा संचालन सम्बन्धी १५ दिने सूचना प्रकाशन गरी परीक्षा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा २०६ औं भानु जयन्तीको अवसरमा २०७६ आषाढ २९ गतेका दिन भानु प्रतिष्ठानद्वारा आयोजना हुने काव्य सन्ध्या तथा स्रष्टा सम्मान कार्यक्रमको लागि रु. १,१६,०००। (एक लाख सोह्र हजार) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा जग्गा एकीकरण प्रक्रियाद्वारा यस नगरपालिकाका सम्भावित क्षेत्रहरुमा जग्गा विकास कार्यक्रम लागू गर्न भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालसँग सहकार्य गरी जग्गा एकीकरण सम्बन्धी विनियम तयार गर्ने र सो कार्यका लागि भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालसँग सम्झौता गर्न नगर प्रमुखज्यूलाई सम्पूर्ण जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।